# इटहरी उपमहानगरपालिकाको
## प्रदुषण रोकथाम तथा नियन्त्रण नियमावली, २०७५ बमोजिम प्रदुषण नियन्त्रण प्रमाणपत्र सम्वन्धी
## सार्वजनिक सूचना
### (प्रथम पटक प्रकाशन मिति २०७६/०२/३०)

प्रदुषण रोकथाम तथा नियन्त्रण नियमावली २०७५ को नियम ६, ७, ८, ९ को प्रयोजनका लागि नगर क्षेत्राधिकार भित्रका सबै उद्योगहरू र सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रदुषण रोकथाम तथा नियन्त्रण नियमावली २०७५ को नियम ६ उप नियम (१) संग सम्बन्धित वातावरण संरक्षण नियमावली २०५४ को अनुसूचि ७ मा सूचीकृत गरिएका यस **उपमहानगरपालिकामा स्थापना भएका र संचालन भएका सबै उद्योगहरूलाई यो सूचना पहिलो पटक प्रकाशित भएको ९० दिन भित्र अस्थायी र स्थायी प्रदुषण नियन्त्रण प्रमाण–पत्र लिनको लागि नगरपालिकाको वातावरण शाखामा आवेदन दिन सूचना गरिन्छ** । स्थापनाको क्रममा रहेका उद्योगहरूले संचालनमा आइसकेको ६० दिन भित्र प्रदुषण नियन्त्रण प्रमाण–पत्र लिनको लागि उपरोक्तानुसार आवेदन दिनु पर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

यो सार्वजनिक सूचनाको उल्लंघन गर्ने उद्योगहरूलाई वातावरण संरक्षण ऐनको दफा १८ को उपदफा (२) अन्तर्गत सजाय हुने कुरा समेत सम्वन्धित उद्योगहरूलाई जानकारी गराईएको छ ।

**नियम ६ को उपनियम (१) अन्तर्गत वातावरण संरक्षण नियमावली २०५४ को अनुसूचि ७ बमोजिम प्रदुषण नियन्त्रण प्रमाणपत्र लिनु पर्ने उद्योगहरू:–**

१.व्लेण्डिंग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी सम्वन्धी २.फर्मेन्टेशन सुविधायुक्त ब्रुअरी र वाईनरी सम्वन्धी ३.कोरोसिभ, एसिड, अल्काली जस्ता प्राथमिक रसायन उत्पादन सम्वन्धी (साइट्रिक, टारटारिक, एसेटिक, एसिड जस्ता वाहेक)४.छाला प्रशोधन गर्ने ५.इलेक्ट्रोप्लेटिंग तथा ग्याल्भनाइजिंग सम्वन्धी ६.कुकिंग, नेचुरल ग्यांस रिफिलिंग, फिलिंग, उत्पादन वितरण गर्ने ७.ढुंगा क्रसिंग सम्वन्धी ८.रंग रोगन सम्वन्धी ९.दुग्ध प्रशोधन सम्वन्धी १०.व्लेण्डिंग, रिप्रोसेसिंग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस उत्पादन गर्ने ११.फोम उत्पादन सम्वन्धी १२.ड्राई वा वेट सेल (व्याट्री) उत्पादन गर्ने १३.खांडसारी वा चिनी उत्पादन गर्ने १४.परम्परागत घरेलु उद्योग बाहेकका धागो कपडा रंगाई, छपाईं वा धुलाई (गलैंचा समेत) सम्वन्धी १५.परम्परागत घरेलु उद्योग बाहेकका पल्प वा कागज सम्वन्धी १६.इटा, टायल आदि सम्वन्धी १७.चुन ढुंगा वा क्लिङ्करमा आधारित सिमेन्ट सम्बन्धी १८.चुन उत्पादन सम्वन्धी १९.औषधी सम्वन्धी २०. केमिकल फर्टिलाईजर (व्लेण्डिंग) तथा किटनाशक पदार्थ (व्लेण्डिंग) उत्पादन गर्ने २१. प्लाष्टिक (खेर गएको प्लाष्टिक कच्चा पदार्थमा आधारित) सम्वन्धी २२.सलाई सम्वन्धी २३. अटो वर्कशप (२ पांग्रे वाहेक) सम्वन्धी २४.कोइलावाट कोक, व्रिकेट आदि उत्पादन तथा प्रशोधन सम्वन्धी २५.प्लाष्टिक प्रोसेसिंग (खेर गएको पदार्थ प्रोसेस गर्ने वाहेक) सम्वन्धी २६.टायर, ट्यूब्स र रवर प्रशोधन तथा उत्पादन गर्ने २७.सावुन (डिटरजेन्ट, क्लिनिङ्ग स्याम्पू समेत) सम्वन्धी २८.फोटो प्रोसेसिङ्ग सम्वन्धी २९.फाउण्ड्री सम्वन्धी ३०चुरोट, विडी, सूर्ती, पान मसला उत्पादन गर्ने ३१.पशु बधशाला सम्वन्धी ३२.ग्लास (काँच) सम्वन्धी ३३.खाद्य प्रशोधन सम्वन्धी ३४.धातुगत (रिमेल्टिङ्ग, रिरोलिंङ्ग तथा फेव्रिकेशन समेत )सम्वन्धी ३५. विटुमिन तथा विटुमिन इमल्सन सम्वन्धी ३६.कोल्ड, स्टोरेज सम्बन्धी ३७.धागो कताई सम्बन्धी ३८. वनस्पति घ्यू, तेल सम्वन्धी ३९.जडिबुटी प्रशोधन सम्वन्धी ४०.हाड, सिंग र खुरवाट विभिन्न वस्तु उत्पादन सम्वन्धी ४१.रोजिन, टर्पेन्टाइन, भनिएर तथा कत्था सम्बन्धी ४२. माछामासु प्रशोधन सम्बन्धी ४३. प्याकेजिङ पदार्थ उत्पादन सम्बन्धी ४४.पशुपंक्षीको दाना सम्बन्धी४५.मेशिन थप सम्बन्धी ४६.वेल्डिङ्ग प्रक्रिया बाहेकको केमिकल फर्टिलाईजर किटनाशक पदार्थ उत्पादन सम्बन्धी ४७.रू ५ करोड भन्दा बढी स्थिर पूंजी लगानी हुने खानीमा आधारित उद्योग सम्बन्धी ४८.पेट्रो रसायनिक उत्पादन तथा प्रशोधन (डिजेल, मट्टीतेल, लुब्रिकेन्ट्स, प्लाष्टिक, सिन्थेटिक रवर आदी उत्पादन गर्ने) ४९.फेरस तथा नन् फेरस (रिरोलिंङ्ग रिमेल्टिङ्ग र फेव्रिकेशन बाहेक) प्ररम्भिक स्मेल्टिङ्ग गरी धातु उत्पादन ५०.एस्वेटस उत्पादन गर्ने ५१. रेडियो विकिरण निष्कासन हुने (न्यूक्लियर र एटोमिक प्रशोधन) सम्बन्धी ५२.औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (**Bulk drugs**) उत्पादन गर्ने ५३. अति घातक (**Extermely hazardouos**) पदार्थ जस्तैं: आइसोसाईनाइट, मर्करी कम्पाउण्ड आदि सम्वन्धी ५४.गोली गट्टा, बारूद लगायतका विष्फोटक पदार्थ उत्पादन गर्ने र ५५.हाडको रासायनिक प्रशोधन सम्बन्धी ।

**द्रष्टव्य:**–अन्य विस्तृत जानकारीका लागी इटहरी उपमहानगरपालिकाको वातावरण शाखामा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

फोन नं.:– ०२५–५८३२१९

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यलय, इटहरी, सुनसरी**